आर्थिक वर्ष २०८०।८१

## रिब्दीकोट गाउँपालिका

# योजनाको सार्वजनिक परीक्षण








# प्रतिवेदन

**योजनाहरुः**

१, बतासे बजारको हाईटेन्सन लाईन स्थानान्तरण
२, देउराली शान्तीपुर ख्याहा जोगिथुम सातमुरे मोटर बाटो स्तरोन्नती
३, राधाकृष्ण प्रा.बि.मा दुई कोठे पक्की भवन निर्माण
४, चुर्पुकधारा खानेपानी आयोजना

---

**सहजिकरण**

पिपुल्स क्रियशन प्रा.लि.

तानसेन, पाल्पा

## विषयसूची

१. पृष्ठभूमि

२. सार्वनिक परीक्षणको उद्देश्य

३. अध्ययन विधि

    ३.१ सन्दर्भ सामाग्री समीक्षा र अध्ययन

    ३.२ अन्तरवार्ता र समूह छलफल

    ३.३ प्रारम्भिक प्रतिवेदनको प्रस्तुती, छलफल तथा सुझाव संकलन

४. अध्ययनको सीमा

५. बृहत्छलफल कार्यक्रमको विवरण

६. सार्वजनिक परीक्षणवाट देखिएका सवल पक्षहरु

७. सार्वजनिक परीक्षणवाट देखिएका चुनौती तथा सुझावहरु

## १. पृष्ठभूमि

सामान्य अर्थमा 'सार्वजनिक परीक्षण' भनेको कुनै पनि स्थानीय निकायको सहयोगमा संचालित विकासे योजना तथा कार्यक्रमको लागत र प्रभावको परीक्षण गर्ने कार्य हो, जसमा सरोकारवालाले कार्य सम्पादनका लागि भविष्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । स्थानीय सरकार संचालन ऐन २०७४ को ७८ को ५ को व्यवस्था अनुसारको कार्यविधीमा सार्वजनिक परीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ ।

कुनै पनि स्थानीय निकायद्धारा संचालित अथवा सामुदायकि समिति, उपभोक्ता समिति वा ठेकेदार मार्फत संचालन भएका योजना तथा कार्यक्रमहरुको प्रभावकारिता सम्बन्धी लेखाजोखा गर्न सार्वजनिक परिक्षणको आयोजना गरिने गर्दछ । योजनामा स्थानीयहरुको **स्वामित्व छकि छैन्,** कार्यक्रम वा आयोजना समुदायले माग गरे अनुसार छ छैन, योजनाले स्थानीयलाई फाईदा पुग्ने खालको छ कि छैन् । खरिद ऐन अनुसार योजना संचालन भएको हो होईन, लेखा तथा आर्थिक व्यवस्थापनको पाटो कस्तो छ ? ज्याला पाउनुपर्नेहरुले पाए कि पाएनन् जस्ता महत्वपूर्ण विषयहरुमाथी अध्ययन गरी सार्वजनिक सरोकार राख्ने निकायको उपस्थितिमा स्थानीयहरुसंग भेला गरी सार्वजनिक परिक्षण कार्यक्रमको आयोजना गरिने गर्दछ ।

यसरी संचालन भएको कार्यक्रमले यउदेश्य अनुसार योजना संचालन गर्नमा महत्वपूर्ण भूमिका खेल्ने गर्दछ ।

## २. सार्वजनिक परीक्षणको उद्देश्य

सार्वजनिक परीक्षणका सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेट्दै ऐन नियमले तोकेको जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, योजनाले ल्याएको उपलब्धि आदिको लेखाजोखा यसको केन्द्रविन्दुमा रहेका छन्

क) गाउँपालिकाले आ.व.२०७९।८० मा उत्तरदायित्व पूरा गर्नका लागि सञ्चालित योजना तथा कार्यक्रमबाट प्राप्त भएको उपलब्धिको लेखाजोखा गर्ने ।

ख) जिम्मेवारी पुरा गर्ने क्रममा भोगेका समस्या, चुनौति तथा कमी कमजोरीहरुको विश्लेषण गर्ने ।

ग) आवश्यकताको पहिचान र अपनत्व बहन गर्न सक्ने क्षमताको विश्लेषण गर्ने ।

घ) सुधारको लागि आगामी दिनमा चाल्नुपर्ने कदमहरुको पहिचान गर्ने ।

## ३. अध्ययन विधि

सार्वजनिक परीक्षणको कार्यलाई अनुसन्धानात्मक ढंगबाट अगाडि बढाउने क्रममा देहाय बमोजिमका विधिहरूको प्रयोग गरिएको थियो ।

- ✓ सार्वजनिक परीक्षण कार्यक्रममा उपस्थित उपभोक्ता समिति/गैसस/सामुदायिक संस्था/टोल विकास संस्थाका पदाधिकारी, स्थानीय निकायबाट खटाइएका कर्मचारी, सहजकर्ता तथा उपभोक्ताहरूको उपस्थिति पुस्तिका खडा गरी नाम, थर, ठेगाना तथा संस्थाको प्रतिनिधि भए नाम र पद समेत उपस्थिति जनाउने ।
- ✓ सार्वजनिक परीक्षण कार्यक्रममा उपभोक्ता समितिका पदाधिकारी, प्रत्यक्ष लाभान्वित उपभोक्ता र योजना क्षेत्रका स्थानीय जनप्रतिनिधि समेत उपस्थित हुनु पर्नेछ । उपस्थितिको लागि सार्वजनिक परीक्षण हुने मिति, समय, स्थानबारे सूचना दिने ।
- ✓ सार्वजनिक परीक्षण कार्यक्रमको उद्देश्य, कार्यक्रम संचालन विधि, समय र आचार संहिताबारे स्थानीय निकायबाट खटाएको सहजकर्ताले कार्यक्रमका सहभागीहरूलाई जानकारी गराउने ।
- ✓ कार्यक्रम वा आयोजना संचालन गर्ने निकायको तर्फबाट विवरण प्रस्तुत भएपछि स्थानीय निकायबाट खटाएको सहजकर्ताले पूर्व तयार गरिएका प्रश्नहरू राखी खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिकिया तथा सुझाव आह्वान गर्दै, सहजकर्ताले अनुसूची ८ मा दिइएको चेकलिष्टको आधारमा छलफलको सहजीकरण गरिने ।
- ✓ सहभागीहरूले कार्यक्रममा प्रस्तुत गरेका विचारहरूलाई सहजकर्ताले टिपोट गरी परीक्षणको क्रममा प्राप्त गुनासो, प्रतिकिया तथा सुझावहरूको आधारमा स्थलगत अध्ययन समेत गरी वस्तुस्थिति सहित अनुसूची-२ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गरी प्रतिवेदन सहजकर्ताले सम्बन्धित स्थानीय निकायको प्रमुख समक्ष पेश गरिने ।

### ३.१ सन्दर्भ सामाग्री समीक्षा र अध्ययन

- ➢ स्थानीय सरकार संचालन ऐन २०७४
- ➢ स्थानीय सरकार संचालन कार्यविधि
- ➢ स्थानीय सरकारको साझेदारी ऐन र कार्यविधि
- ➢ संस्था र साझेदार संस्थावीच विचको सम्झौता
- ➢ संस्थाको लक्ष्य, उदेश्य, कार्ययोजना र कार्यक्रमहरु

**३.२ अन्तरवार्ता र समूह छलफल :** उल्लेखित ४ वटा आयोजनाहरुको स्थलगत अध्ययन गरी सम्बन्धित आयोजनाका उपभोक्ताहरुसंग व्यक्तिगत र सामुहिक छलफल र अर्न्तवाताको माध्यमबाट अध्ययन गरिएको ।

# सार्वजनिक परीक्षण गरिएका योजनाहरुको विवरण :

| क्र.सं. | सार्वजनिक परीक्षण गरिएको मिति | सार्वजनिक परीक्षण गरिएको योजना |
|---|---|---|
| १ | २०८१।०१।३० | बतासे बजारको हाईटेन्सन लाईन स्थानान्तरण |
| २ | २०८१।०१।२८ | देउराली शान्तीपुर ख्याहा जोगिथुम सातमुरे मोटर बाटो स्तरोन्नती |
| ३ | २०८१।०१।२६ | राधाकृष्ण प्रा.बि.मा दुई कोठे पक्की भवन निर्माण |
| ४ | २०८१।०१।२५ | चुर्पुकधारा खानेपानी आयोजना |

## *क) बतासे बजारको हाईटेन्सन लाईन स्थानान्तरण*

**१. योजनाको विवरण :**

क) नामः बतासे बजारको हाईटेन्सन लाईन स्थानान्तरण ख) स्थलः रिब्दिकोट ७ बतासे

ग) ठेक्का अंक : २४,१९,८५२.३१ घ) योजना शुरु भएको मितिः २०७९ चैत्र १९

ङ) योजना सम्पन्न मितिः २०७९ असार मसान्त

**२. निर्माण व्यवसायीको विवरण**

क) फर्मको नाम : नेपाल बिद्युत प्राधिकरण पाल्पा बितरण केन्द्र

ख) प्रोप्राइटरको नाम : गोपाल पौडेल

३) सम्पन्न योजनाको लक्ष्य तथा प्रगती विवरण

| कामको विवरण (मुख्य मुख्य कामहरु) | लागत अनुमान | यथार्थ |
|---|---|---|
| हाइटेन्सन लाईन सारेको, ट्रान्सर्फमर व्यवस्थापन, | २४,१९,८५२.३१ | ठेकेदारले १९,५६००० रकम भुक्तानी लिएको |

४. योजनाले पुरयाएको लाभ :

- ✓ वतासे र आसपासको क्षेत्रमा हाईटेन्सन लाईनको कारण बस्ती नै जोखिममा थियो, लाईन अन्यन्त्रबाट सारिएपछी जोखिम न्यूनीकरण भएको छ ।
- ✓ केही विद्युतका पोलहरु पुराना र जिर्ण समेत वनेका थिए, अहिले सुधार भएको छ ।
- ✓ ट्रान्सर्फमरको व्यवस्थापनले विद्युत निरन्तर प्रवाह हुन थालेको छ ।

५. योजना संचालनको क्रममा सम्वन्धित निकायले गरेको अनुगमन पटक : ३ पटक

## सहभागीहरुले व्यक्त गरेका केहि महत्वपूर्ण धारणाहरु

| क.सं. | नाम, थर | प्रश्न, विचार तथा सुझाव |
|---|---|---|
| १ | निरुता वगाले | वतासे र आसपासको क्षेत्र जोखिमबाट जोगिएको त छ तर काम भने पुरा भएको छैन् । कहि कहि तारहरु यत्रतत्र छन् । पोलहरु जिर्ण छन् । |
| २ | नारायण कुँवर | जे काम गर्ने भनेर योजना संचालन भएको त्यो काम नै पुरा भएको छैन् । राख्नै नहुने स्थानमा ट्रान्सर्फमर राखिदिएर बत्तिको समस्या झनै बढेको छ । |
| ३ | सचिन कुँवर | वजार भित्रका पुराना पोलहरु जस्ताको त्यस्तै छन् । विद्युतले काम नै पुरा नगरी पैसा लगेको छ । पोलहरु पनि थप्नुपर्ने जति थपिएको छैन् । |
| ४ | कमल थापा | योजनाको वारेमा स्थानीयलाई केहि पनि जानकारी भएन् । खर्च सार्वजनिक लगायतका कुनै पनि काम गरिएन् । |

## ख) देउराली शान्तीपुर ख्याहा जोगिथुम सातमुरे मोटर बाटो स्तरोन्नती

१. कार्यक्रम वा आयोजनाको विवरण

(क) नाम: देउराली शान्तीपुर ख्याहा जोगिथुम सातमुरे मोटर बाटो स्तरोन्नती

(ख) स्थल रिब्दिकोट १ र २ नम्बर वडा

(ग) पहिलो किस्ता रकम : ६,००,०००

प्राप्त मिति : २०८०/०३/०५

(घ) लागत रकम : २०,९०,४३४.३०

(ङ) शुरु हुने वा भएको मिति : २०८०/०२/२३

(च) सम्पन्न हुने वा भएको मिति : २०८०/०३/१५

२. उपभोक्ता समिति/गैसस/टोल विकास संस्था/सामुदायिक संस्थाको विवरण

(क) नाम: देउराली शान्तीपुर ख्याहा जोगिथुम सातमुरे मोटर बाटो स्तरोन्नती उपभोक्ता समिति

(ख) अध्यक्षको नाम : कमल बहादुर सुनार

(ग) सदस्य संख्या : ७ महिला संख्या : ३ पुरुष संख्या : ४

३. आम्दानी खर्चको विवरण:

(क) आम्दानी तर्फ

| आम्दानीको स्रोत (कहाँबाट नगद वा जिन्सी प्राप्त भयो स्रोत खुलाउने) | रकम तथा परिमाण | कैफियत |
|---|---|---|
| रिब्दिकोट गाउँपालिका | २०,९०,४३४.३० | |

४) योजनाले पुरयाएको लाभ तथा प्रत्यक्ष रुपमा लाभान्वित जनसंख्या (योजना संचालन भएको स्थानका उपभोक्ताहरू)

वडा नं. १ र २ का करिव ६ एक हजार वढी परिवार लाभान्वित भएका छन् ।

५. आयोजना वा कार्यक्रम संचालन गर्दा आयोजक संस्थामा कामको जिम्मेवारी बाँडफाँड (कस कसले केकस्तो कामको जिम्मेवारी लिएका थिए ? खुलाउने :

६. आयोजना वा कार्यक्रम संचालनको क्रममा सम्वन्धित निकायले गरेको अनुगमन पटक : २ पटक

७. सार्वजनिक परीक्षणका क्रममा सहभागीहरुले व्यक्त गरेका केहि महत्वपूर्ण धारणाहरु

| क.सं. | नाम, थर | प्रश्न, विचार तथा सुझाव |
|---|---|---|
| १ | दुर्गा पाण्डे | यो वाटो रैनादेवी तथा गुल्मी जानको लागि समेत मुख्य निकासको वाटो हो, तर वजेट न्यून आयो, काम पुरा हुन् समेन । अधुरो मात्रै काम भएको छ । |
| २ | पदम प्रसाद न्यौपाने | वजेट समयमा आएन्, आएको वजेट पनि प्रयाप्त भएन् । काम गुणस्तरीय हुन सकेको छैन् । |
| ३ | चिरञ्जीवि पोखरेल | यो योजनालाई निरन्तरा दिईनुपर्छ, यत्ति मात्रै काम गरेर छोड्ने हो भने केहि वर्षमा फेरी सुरुदेखी काम गर्नुपर्ने अवस्था आउन सक्छ । |
| ४ | दिवाकर पराजुली | योजनालाई काममा तिव्रता र निरन्तरता दिन पर्ने देख्छु । |

## ग) राधाकृष्ण प्रा.बि.मा दुई कोठे पक्की भवन निर्माण

**१. कार्यक्रम वा आयोजनाको विवरण :**

(क) नाम : राधाकृष्ण प्रा.बि.मा दुई कोठे पक्की भवन निर्माण

(ख) स्थल : रिब्दिकोट गाउँपालिका १ ख्याहा

(ग) पहिलो किस्ता रकम ८,००,०००

प्राप्त मिति २०७९ /१२/१३

(घ) लागत रकम २७,५०,२४९.७९

(ङ) शुरु हुने वा भएको मिति २०७९/११/०५

(च) सम्पन्न हुने वा भएको मिति २०८०/०३/१५

२. उपभोक्ता समिति/गैसस/टोल विकास संस्था/सामुदायिक संस्थाको विवरण

(क) नाम: राधाकृष्ण प्रा.बि.मा दुई कोठे पक्की भवन निर्माण उपभोक्ता समिति

(ख) अध्यक्षको नाम: रामचन्द्र पाण्डे

(ग) सदस्य संख्या ७ महिला संख्या ३ पुरुष संख्या ४

३. आम्दानी खर्चको विवरण:

(क) आम्दानी तर्फ

| आम्दानीको स्रोत (कहाँबाट नगद वा जिन्सी प्राप्त भयो स्रोत खुलाउने) | रकम तथा परिमाण | कैफियत |
|---|---|---|
| रिब्दिकोट गाउँपालिका, पाल्पा | २५,००,००० | कन्टिजेन्सी सहित |
| जन श्रमदान | २,५०,२४९.७९ | |
| कुल लागत अनुमान रकम | २७,५०,२४९.७९ | |

४) योजनाले पुरयाएको लाभ तथा प्रत्यक्ष रुपमा लाभान्वित जनसंख्या (योजना संचालन भएको स्थानका उपभोक्ताहरू)

रिब्दिकोट गाउँपालिका वडा नम्बर १ का साविक १,४,५ का बर पोखरा, गैरे गाउँ, कोटफेरा, धैरेनी, छापखोला लगायतका टोलका बासीन्दाहरु

५) सार्वजनिक परीक्षणका क्रममा सहभागीहरुले व्यक्त गरेका केहि महत्वपूर्ण धारणाहरु

| क.सं. | नाम, थर | प्रश्न, विचार तथा सुझाव |
|---|---|---|
| १ | विष्णु प्रसाद गैरे | योजना सम्पन्न नभईकन नै भुक्तानी भएको हुँदा, पारदर्शिता नभएको । |
| २ | झपेन्द्र प्रसाद गैरे | उपभोक्ता समितिका अध्यक्षको अनुपस्थितिमा प्रधानाध्यापकले सबै काम गरेको, पारदर्शिता नभएको । |
| ३ | पदमपानी न्यौपाने | योजना संचालन गर्दा वचेका निर्माण सामाग्रीहरु उपभोक्ता समितिको निर्णय नभईकन नै अन्यत्र बेचेको । |

## घ) चुर्पुकधारा खानेपानी आयोजना

### १. योजनाको विवरण :

क) नामः चुर्पुकधारा खानेपानी आयोजना ख) स्थलः रिब्दिकोट ७ पालुङ

ग) ठेक्का अंक : RRM/WORKS/NCB 079/80–05

घ) योजनाको लागत : १ करोड

ङ) योजना सुरु मिति : २०७४ च) सम्पन्न भएको मितिः २०७६

छ) उपभोक्ता समितिको नाम : चुर्पुकधारा खानेपानी आयोजना उपभोक्ता समिति

ज) अध्यक्षको नाम : बोम बहादुर अर्गाली

झ) लाभान्वित घरधुरी : ५८ ञ) सदस्य : ३२५ च) महिला : १५२ छ) पुरुष : १७३

### २. निर्माण व्यवसायीको विवरण

क) फर्मको नाम : Herz Engineering Private Ltd.

### ३) सार्वजनिक परीक्षणका क्रममा सहभागीहरुले व्यक्त गरेका केहि महत्वपूर्ण धारणाहरु

| क.सं. | नाम, थर | प्रश्न, विचार तथा सुझाव |
|---|---|---|
| १ | दान बहादुर गाहा | योजनालाई थप व्यवस्थापन र विग्रेको पुनः निर्माणको लागि पालिकाबाट अनुगमन हुन आवश्यक छ । |
| २ | निल बहादुर गाहा | योजनालाई दिगोपना गराउनको लागि लेखा र प्राविधिक तालिम दिन आवश्यक छ । |
| ३ | देवका गाहा | विद्युत महशुल महंगो छ । पानी नखाईकन पनि नहुने खान पनि महंगो । |
| ४ | विशाल गाहा | ठेकेदारले काम गरेर त भए, तर यो संचालनको लागि प्राविधिक तालिम नहुदा समस्या परेको छ । |

## प्रमुख समस्या, चुनौती तथा सुझावहरु

- ✓ उपभोक्ता समितिले लिएको काम पनि आन्तरिक मिलेमतोमा ठेकेदारलाई सुम्पिने गरिएको । यसरी ठेकेदारलाई दिदा कामको गुणस्तर, ठेकेदारको विवरण, डकुमेन्टेसन आदी केहि पनि नराखिनेभएकोले पारदर्शिता नभएको ।
- ✓ वतासे वजारको हाईटेन्सन लाईन स्थानान्तरण गर्ने कार्य सम्पन्न नभएको, योजना सम्पन्न नभईकन नै पालिकाबाट भुक्तानी दिइएको । समस्या समाधानका लागि योजना राखिएपनि योजना कार्यान्वयनले समस्या समाधान गर्नुको साटो उल्टै समस्या थप गरेको ।
- ✓ पालिकाबाट अनुगमन हुने गरेपनि यथेष्ट नभएको ।
- ✓ काम सम्पन्न भएपछि अनुगमन र सार्वजनिक परीक्षण गरेर मात्रै अन्तिम किस्ता भुक्तानी दिनुपर्ने भएपनि सो अनुसार नभएको ।
- ✓ रिब्दीकोट १ ख्याहाको राधाकृष्ण प्राविको भवन निर्माणमा पारदर्शिता नभएको भन्ने व्यापक जन गुनासो आएकोले सो को अध्ययन गर्नुपर्ने ।
- ✓ उपभोक्ता समितिमा सोझा साझा सदस्यहरु राख्ने र अन्य व्यक्ति हालिमुहाली भई योजना संचालन हुने गरेको ।
- ✓ उपभोक्ताहरुको मागमा आधारित भन्दा पनि वजेटमा आधारित कार्यक्रमहरु संचालन हुने गरेका छन् । जसका कारण अधिकाशं योजनाहरु अधुरा छन् । उपभोक्ता समितिहरु ऋणमा रहेका छन् ।
- ✓ ठेक्काबाट संचालन भएका योजनाहरु गाउँपालिकामा जवाफदेही नहुने गरेको देखिन्छ, अन्तिम भुक्तानी दिनुभन्दा अगाडी पालिकाले अनुगमन र सार्वजनिक परीक्षण गर्नुपर्ने देखिन्छ ।
- ✓ गाउँपालिकामा योजना संचालन सम्बन्धि यथेष्ट विवरणहरु भेटिदैनन् । ठेक्काबाट संचालन भएका योजनाहरुमा ठेकेदारहरुको विवरण नै राखिएको देखिदैन् ।
- ✓ सूचना पार्टी राख्नुपर्ने व्यवस्था भएपनि कुनैपनि योजनाले सूचना पार्टी सम्म पनि राखेको देखिदैन् ।

**प्रतिवेदन**
**पिपुल्स क्रियशन प्रा.लि.**
तानसेन, पाल्पा

## सार्वजनिक परीक्षणका क्रममा लिइएका केही तस्विरहरु :













